# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, साउन ०६ गते, २०८२ साल (अतिरिक्ताङ्क ०४


## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### <u>सूचना</u>

नेपालको संविधान बमोजिम कर्णाली प्रदेशसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**संवत् २०८२ सालको ऐन नं. ०३**

**<u>स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न बनेको ऐन</u>**

**<u>प्रस्तावना:</u>** कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ मा संशोधनः</u>** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय प्रशासन सेवाको अधिकृतस्तर नवौं तह वा सोभन्दा माथिको तहमा समूह र उपसमूह रहने छैन।"

३. **<u>मूल ऐनको दफा ८ मा संशोधनः</u>** मूल ऐनको दफा ८ को,-

(१) उपदफा (५) मा रहेको "सातौं तहमा पदस्थापना" भन्ने शब्दहरूको सट्टा "सातौं तह कायम" भन्ने शब्दहरू राखिएका छन्।

४. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) र उपदफा (२) को सट्टा देहायको उपदफा (१) र उपदफा (२) राखिएका छन्,-

"(१) स्थानीय सेवाको रिक्त पदको पूर्ति देहायबमोजिम गरिनेछः-

| तह | | खुला प्रतियोगितात्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमताको मूल्याङ्कनद्वारा | आन्तरिक अन्तर सेवा प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) | तहविहीन | - | - | - | - | - |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | | | | |
|---|---|---|---|---|---|---|
| (ख) | सहायक चौंथो | ७०% | - | १०% | - | २०% |
| (ग) | सहायक पाँचौं | ५०% | - | २५% | २५% | - |
| (घ) | अधिकृत छैटौं | स्तरवृद्धि | | | | |
| (ङ) | अधिकृत सातौं | ५०% | १०% | १०% | २०% | १०% |
| (च) | अधिकृत आठौं | स्तरवृद्धि | | | | |
| (छ) | अधिकृत नवौं | १०% | १०% | ३५% | ३५% | १०% |
| (ज) | अधिकृत दशौं | स्तरवृद्धि | | | | |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खुला तथा बढुवा प्रक्रियाद्वारा स्थानीय स्वास्थ्य सेवाको पदमा देहायबमोजिम पदपूर्ति गरिनेछ":-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| तह | | खुला प्रतियोगितात्मक परीक्षाद्वारा | अन्तर तह प्रतियोगितात्मक परीक्षाद्वारा | बढुवा | | |
|---|---|---|---|---|---|---|
| | | | | ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा | कार्यक्षमताको मूल्याङ्कन द्वारा | आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाद्वारा |
| (क) | सहायक चौंथो | १०० % | - | - | - | - |
| (ख) | सहायक पाँचौं | ६०% | १०% | २०% | - | १०% |
| (ग) | अधिकृत सातौं | ५०% | १०% | १५% | १५% | १०% |
| (घ) | अधिकृत आठौं (चिकित्सक) | १०० % | - | - | - | - |
| (ङ) | अधिकृत नवौं तह | २०% | १०% | ३०% | ३०% | १० % |

(३) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश र उपदफा (४) मा रहेका "उपदफा (१) को खण्ड (ज) र (झ)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) को खण्ड (छ)" भन्ने शब्दहरू र

"उपदफा (२) को खण्ड (छ)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (ङ)" भन्ने शब्दहरू राखिएका छन्।

(४) उपदफा (८) मा रहेको "उपदफा (१) को खण्ड (ङ) र (ज)" भन्ने शब्दहरूको सट्टा "उपदफा (१) को खण्ड (ङ) र (छ)" भन्ने शब्दहरू तथा "उपदफा (२) को खण्ड (ख), (घ) र (छ)" भन्ने शब्दहरूको सट्टा "उपदफा (२) को खण्ड (ख), (ग) र (ङ)" भन्ने शब्दहरू राखिएका छन्।

(५) उपदफा (८) को स्पष्टीकरण खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "एक तह मुनिको पदमा पाँच वर्ष सेवा अवधि" भन्नाले अधिकृतस्तर नवौं तहको लागि अधिकृतस्तर सातौं वा आठौं तह वा यी दुवै तहको कुल सेवा अवधि र अधिकृतस्तर सातौं तहको लागि सहायकस्तर पाँचौं वा अधिकृतस्तर छैटौं तह वा यी दुवै तहको कुल सेवा अवधि सम्झनुपर्छ।"

(६) उपदफा (९) को सट्टा देहायको उपदफा (९) राखिएको छः-

"(९) उपदफा (१) र (२) बमोजिम ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन र कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको लागि दफा २८ बमोजिमको योग्यता पुगेको स्थानीय सेवाको कर्मचारी बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।"

(७) उपदफा (९) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः-

"तर स्थानीय स्वास्थ्य सेवामा स्तरवृद्धि भएको कर्मचारी स्तरवृद्धि हुने पदमा नियुक्ति, बढुवा वा नेपाल स्वास्थ्य सेवासम्बन्धी सङ्घीय कानूनबमोजिम पदस्थापना नभई माथिल्लो तहको पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन।"

(८) उपदफा (१२) मा रहेको "सहायकस्तर पाँचौ तहको कम्प्युटर अपरेटर, सहायकस्तर चौंथो तहको सहायक कम्प्युटर अपरेटर" भन्ने शब्दहरू झिकिएको छ।

(९) उपदफा (१४) को खण्ड (ख) र (ग) मा रहेका "र कृषि सेवाको पशु चिकित्सक" भन्ने शब्दहरू झिकिएको र सोही उपदफाको खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपिएको छः-

"(ङ) स्थानीय स्वास्थ्य सेवाको चौंथो र पाँचौं तहमा शुरू नियुक्ति भई समायोजन ऐनबमोजिम स्थानीय तहमा समायोजन हुँदा क्रमशः छैटौं र सातौं तहमा समायोजन भएको वा यस ऐनबमोजिम छैटौं र सातौं तहमा स्तरवृद्धि भएको तर सो तहमा शुरू नियुक्ति, बढुवा तथा नेपाल स्वास्थ्य सेवासम्बन्धी सङ्घीय कानूनबमोजिम पदस्थापना नभएको कर्मचारीको पद रिक्त भएमा क्रमशः चौंथो र पाँचौं तहको पद रिक्त मानी पदपूर्ति गर्ने।"

५. "**<u>मूल ऐनको दफा १५ मा संशोधन</u>**: मूल ऐनको दफा १५ को उपदफा (१) मा रहेको "कार्यपालिका" भन्ने शब्दहरूको सट्टा "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय" र "स्थानीय राजपत्र" भन्ने शब्दहरूको सट्टा "प्रदेश राजपत्र" भन्ने शब्दहरू राखिएका छन्।

६. **<u>मूल ऐनको दफा २० मा संशोधनः</u>** मूल ऐनको दफा २० को,-

(१) उपदफा (१) को खण्ड (ङ) मा रहेको प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर तोकिएबमोजिमको योग्यता पुगेको स्थानीय स्वास्थ्य सेवाको पदमा कार्यरत कर्मचारी सो सेवाको समान तहको खुला, अन्तर तह प्रतियोगितात्मक परीक्षा र आन्तरिक अन्तर समूह प्रतियोगितात्मक परीक्षाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।"

**<u>स्पष्टीकरण</u>**: यस उपदफाको प्रयोजनको लागि "समान तहको पद" भन्नाले सहायकस्तर पाँचौं र अधिकृतस्तर छैटौं तहको पदमा

कार्यरत कर्मचारीको हकमा सहायकस्तर पाँचौं तह तथा अधिकृतस्तर सातौं र चिकित्सक बाहेकको अधिकृतस्तर आठौं तहको पदमा कार्यरत कर्मचारीको हकमा अधिकृतस्तर सातौं तहको पद भन्ने सम्झनुपर्छ।"

(२) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय स्वास्थ्य सेवाको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने सबै पद र स्थानीय स्वास्थ्य सेवा बाहेकका अन्य सेवाको अधिकृतस्तर नवौं तहको खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदको लागि यस दफाबमोजिम योग्यता पुगेको व्यक्ति पैंतालिस वर्ष उमेर पूरा नभएसम्म उम्मेदवार हुन सक्नेछ।"

७. **मूल ऐनमा दफा २६क. थपः** मूल ऐनको दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

**"२६क. स्थानीय स्वास्थ्य सेवामा स्तरवृद्धिसम्बन्धी व्यवस्थाः** (१) स्थानीय स्वास्थ्य सेवाका देहायका तहमा कार्यरत कर्मचारीले पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको, सङ्घीय नेपाल स्वास्थ्य सेवासम्बन्धी कानूनबमोजिम योग्यता पुगेको र देहायबमोजिम सेवा अवधि पूरा गरेको भए देहायबमोजिम स्तरवृद्धि गरिनेछः-

| क्र.सं. | हालको तह | स्तरवृद्धि हुने तह | स्तरवृद्धि हुन तल्लो तहमा सेवा गर्नुपर्ने अवधि |
|---|---|---|---|
| १ | सहायकस्तर चौंथो | सहायकस्तर पाँचौ | पाँच वर्ष |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| | | | |
|---|---|---|---|
| २ | सहायकस्तर पाँचौ<br>(क) सहायकस्तर पाँचौ तहमा शुरू नियुक्ति भएका वा सहायकस्तर पाँचौ तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका<br>(ख) सहायकस्तर पाँचौ तहमा नेपाल स्वास्थ्य सेवासम्बन्धी सङ्घीय कानून वा यस ऐनबमोजिम आन्तरिक प्रतियोगितात्मक परीक्षा वा बढुवा प्रक्रियाद्वारा बढुवा भएका वा स्तरवृद्धि भएका वा पाँचौ तहको लागि न्यूनतम शैक्षिक योग्यता नभएका | अधिकृतस्तर छैटौं<br><br>अधिकृतस्तर छैटौं | पाँच वर्ष<br><br>आठ वर्ष |
| ३ | छैटौं<br>(क) छैटौं तहमा स्तरवृद्धि भएका मध्ये वरिष्ठ पाँचौ तहमा तह मिलान वा पदस्थापना भएका<br>(ख) छैटौं तहमा स्तरवृद्धि भएकामध्ये सहायकस्तर पाँचौ तहमा शुरू नियुक्ति भएका | अधिकृतस्तर सातौं<br><br>अधिकृतस्तर सातौं | पाँच वर्ष<br><br>पाँच वर्ष |
| ४ | अधिकृतस्तर सातौं तहमा शुरू नियुक्ति वा बढुवा भएका | अधिकृतस्तर आठौं | पाँच वर्ष |
| ५ | अधिकृतस्तर नवौं | अधिकृतस्तर दशौं | पाँच वर्ष |

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा यो ऐन प्रारम्भ हुनुभन्दा अघिका वर्षहरूको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अङ्क समेत गणना गर्नुपर्ने भएमा ती वर्षहरूको कार्यसम्पादन मूल्याङ्कनको हकमा औसत उत्तम वा सोभन्दा बढी अङ्क प्राप्त गरेको भए यस दफाबमोजिमको योग्यता पुगेको कर्मचारी स्तरवृद्धि हुन बाधा पर्ने छैन।

(३) माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहले गर्नुपर्ने कार्य र कार्य विवरणमा तोकिएका अन्य कार्य गर्नुपर्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहमा समायोजन भई स्थानीय स्वास्थ्य सेवाको पदमा कार्यरत उपदफा (१) को क्रम सङ्ख्या २ को (ख) बमोजिम शैक्षिक योग्यता भएको, कार्य सम्पादन मूल्याङ्कनमा यस दफाबमोजिमको अङ्क प्राप्त गरेको कर्मचारीलाई अख्तियारवालाले एक पटकको लागि पाँच वर्ष सेवा अवधि नपुगेको भए पुगे पछि र पाँच वर्ष सेवा अवधि पुगेको भए अख्तियारवालाले यो दफा प्रारम्भ भएको मितिदेखि लागू हुने गरी स्तरवृद्धि गर्न बाधा पर्ने छैन।

तर यस दफाबमोजिम स्तरवृद्धि भएको कर्मचारी अधिकृतस्तर सातौं वा आठौं तहमा शुरू नियुक्ति, बढुवा वा नेपाल स्वास्थ्य सेवासम्बन्धी सङ्घीय कानूनबमोजिम पदस्थापना नभई अधिकृतस्तर नवौं तहमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्ने छैन।"

८. **<u>मूल ऐनको दफा २७ मा संशोधन</u>**: मूल ऐनको दफा २७ को उपदफा (७) मा रहेको "साठी" भन्ने शब्दको सट्टा "एक सय बीस दिन" भन्ने शब्दहरू राखिएको छ।

९. **<u>मूल ऐनको दफा २८ मा संशोधनः</u>** मूल ऐनको दफा २८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनको दफा ९ को उपदफा (१) र (२) बमोजिम ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुने पदमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन प्रथम पटक बढुवाको सूचना प्रकाशन हुँदा दरखास्तको लागि तोकिएको अन्तिम मितिसम्म सम्बन्धित सेवा, समूह वा उपसमूहको तल्लो पदमा सेवाकालीन तालिम लिएको, प्रचलित कानूनबमोजिम सम्बन्धित व्यवसायिक परिषद्मा दर्ता भएको प्रमाणपत्र आवश्यक पर्ने भएमा सो व्यवसायिक दर्ता प्रमाणपत्र लिएको वा त्यस्तो प्रमाणपत्र नवीकरण गर्नुपर्ने भए नवीकरण भएको, ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको हकमा बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन जति वर्षको सेवा अवधि आवश्यक पर्ने हो पछिल्लो त्यति वर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसतमा पन्चानब्बे प्रतिशत अङ्क प्राप्त गरेको र देहायबमोजिमको न्यूनतम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनु पर्नेछः-

(२) उपदफा (१) को अन्त्यमा रहेको स्पष्टीकरणको सट्टा देहायको स्पष्टीकरण राखिएको छः-

**<u>स्पष्टीकरणः</u>** यस उपदफाको प्रयोजनको लागि,-

(क) "तल्लो पदमा सेवाकालीन तालिम लिएका" भन्नाले सातौं तहको पदका लागि सहायकस्तर पाँचौं वा अधिकृतस्तर छैटौं तहमा र अधिकृतस्तर नवौं तहको पदका लागि अधिकृतस्तर सातौं वा अधिकृतस्तर आठौं तहमा तीस कार्य दिनको सेवासँग सम्बन्धित तालिम लिएको सम्झनुपर्छ।

(ख) "व्यवसायी दर्ता प्रमाणपत्र" भन्नाले नेपाल मेडिकल काउन्सिल वा नेपाल इन्जिनियरिङ एशोसियसन वा नेपाल नर्सिङ काउन्सिल वा नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा दर्ता भएको प्रमाणपत्र वा त्यस्तै प्रकृतिका अन्य व्यवसायी दर्ता प्रमाणपत्र सम्झनुपर्छ।

(३) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय स्वास्थ्य सेवाको ज्येष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको लागि पछिल्लो पाँच वर्षको कार्यसम्पादन मूल्याङ्कनको अङ्क गणना गर्दा यो ऐन प्रारम्भ हुनुभन्दा अघिका वर्षहरूको कार्यसम्पादन मूल्याङ्कन बापत प्राप्त गरेको अङ्क समेत गणना गर्नुपर्ने भएमा ती वर्षको कार्यसम्पादन मूल्याङ्कनको हकमा औसतमा उत्तम वा सोभन्दा बढी अङ्क प्राप्त गरेको र यस दफाबमोजिमको योग्यता पुगेको कर्मचारी ज्येष्ठता र कार्य सम्पादन तथा कार्यक्षमता मूल्याङ्कनद्वारा हुने बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन सक्नेछ।"

१०. **<u>मूल ऐनको दफा २९ मा संशोधनः</u>** मूल ऐनको दफा २९ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखेः-

"(छ) बढुवा प्रयोजनको लागि दफा २४ को उपदफा (१) बमोजिम "क" वर्गको भौगोलिक क्षेत्रमा कम्तिमा दुई सय तेत्तीस दिन वा "ख" वर्गको भौगोलिक क्षेत्रमा कम्तिमा चार सय छैसठ्ठी दिन रूजु हाजिर भई न्यूनतम सेवा अवधि पूरा नगरेको।

तर यो खण्ड प्रारम्भ हुनु भन्दा अघि दफा २४ को उपदफा (१) बमोजिमको कुनै भौगोलिक क्षेत्रमा कम्तिमा पाँच वर्ष सेवा गरिसकेका वा समायोजन ऐनबमोजिम समायोजन भएका कर्मचारीको हकमा एक पटकको लागि र सबै भौगोलिक क्षेत्रमा पद नभएका, सेवा समूहका कर्मचारीलाई बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन बाधा पर्ने

छैन। साथै दफा २६ को उपदफा (७) को प्रतिबन्धात्मक वाक्याङ्शमा जुनसुकै कुरा लेखिएको भए तापनि स्तरवृद्धि गर्न यो खण्ड प्रारम्भ भएको मितिले एक पटकको लागि कम्तिमा सात दिनको सूचना प्रकाशन तथा आवश्यक प्रक्रिया पूरा गरी सोह्रौं दिनदेखि स्तरवृद्धिको मिति कायम गर्नुपर्नेछ।"

११. **<u>मूल ऐनको दफा ४१ मा संशोधनः</u>** मूल ऐनको दफा ४१ को अन्त्यमा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः

तर यस ऐनको दफा २६, २८, २९, ३०, ३१, ३२, ३३, ३४, ३५ र ३६ वा सो अन्तरगत बनेका नियमहरूमा पहिलो पटक संशोधन वा परिवर्तन भएको विषय सो संशोधन वा परिवर्तन भएको मितिले एक पटकको लागि एक वर्ष भित्र लागू गर्न बाधा पर्ने छैन।

१२. "**<u>मूल ऐनमा दफा ५६क. थपः</u>** मूल ऐनको दफा ५६ पछि देहायको दफा ५६क. थपिएको छः-

**"५६क. <u>स्वेच्छिक अवकाशः</u>** (१) "निवृत्तिभरण पाउने अवस्थाको र उमेरको हद पचास वर्ष पूरा भएको समायोजन ऐनबमोजिम समायोजन भएको कर्मचारीले नेपाल सरकारद्वारा राजपत्रमा प्रकाशित सूचनाबमोजिम तोकिएको अवधिभित्र सोही सूचनामा उल्लिखित शर्त अनुसार स्वेच्छिक अवकाश लिन सक्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि निवृत्तिभरण पाउने अवस्था भएको, उमेरको हद पचास वर्ष पुगेको र एउटै तहमा प्रचलित सङ्घीय कानूनबमोजिमको सेवा अवधि पूरा गरेको समायोजन ऐनबमोजिम समायोजन भएको, अधिकृतस्तर दशौं तहसम्मका कर्मचारीले स्वेच्छिक अवकाश लिन चाहेमा निजलाई एक तह माथिको पदमा बढुवा गरी स्वेच्छिक अवकाश दिन सकिनेछ।"

१३. **<u>मूल ऐनको दफा ६५ मा संशोधनः</u>** मूल ऐनको दफा ६५ को सट्टा देहायको दफा ६५ राखिएको छः-

"**६५. <u>योगदानमूलक निवृत्तिभरणः</u>** (१) निवृत्तभरण कोष ऐन, २०७५ प्रारम्भ भएपछि स्थानीय तहमा नियुक्ति भएका वा यो ऐन प्रारम्भ भएपछि स्थानीय सेवामा नियुक्ति हुने कर्मचारीले निवृत्तभरण कोष ऐन, २०७५ अनुसारको योगदानमूलक निवृत्तिभरण प्रणालीबमोजिम योगदानमूलक निवृत्तिभरण प्राप्त गर्नेछ। त्यस्तो कर्मचारीले दफा ५७, ५८, ५९, ६०, ६१, ६२ र ६३ बमोजिमको सुविधा पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि योगदानमूलक निवृत्तिभरणसम्बन्धी सङ्घीय कानूनमा उल्लेख भएको अवधिभन्दा अघिदेखि सङ्घीय निजामती सेवामा बहाल रही समायोजन ऐनबमोजिम सङ्घीय निजामती सेवा वा प्रदेश निजामती सेवा वा स्थानीय सेवामा समायोजन भएको कर्मचारी खुला वा अन्तर तह प्रतियोगितामा छनौट भई वा बढुवा भई स्थानीय सेवामा निरन्तर रहेको भए निजको हकमा यो दफा लागू हुने छैन।

(३) उपदफा (१) बमोजिम योगदानमूलक निवृत्तिभरण प्रदान गर्न स्थानीय सेवाका कर्मचारी र स्थानीय तहले गर्नुपर्ने योगदानको रकम तथा योगदानमूलक निवृत्तिभरण प्रदान गर्ने सम्बन्धी व्यवस्था निवृत्तभरण कोष ऐन, २०७५ बमोजिम हुनेछ।

(४) प्रदेश सरकारले स्थानीय तहसँगको सहकार्य र समन्वयमा स्थानीय तहका कर्मचारीहरूको निवृत्तिभरण, उपदान, उपचार खर्च, विशेष आर्थिक सुविधा, सञ्चित बिदा बापतको रकम भुक्तानी गर्नका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिमको अवकाश कोषसँग तादाम्यता हुने गरी तोकिए बमोजिम छुट्टै कोष स्थापना गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम कोष स्थापना भएमा स्थानीय तहले नियमित रुपमा सो कोषमा तोकिएको रकम जम्मा गर्नुपर्ने छ।

(६) उपदफा (४) बमोजिमको कोषको स्थापना, व्यवस्थापन र सञ्चालन सम्बन्धी व्यवस्था प्रदेश सरकारले बनाएको कानूनबमोजिम हुनेछ।"

१४. **<u>मूल ऐनमा दफा १०४क.थप:</u>** मूल ऐनको दफा १०४ पछि देहायको दफा १०४क. थपिएको छः-

१०४क. स्थानीय सेवाका अधिकृतस्तर छैटौं तहसम्मका कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृत र सो तहभन्दा माथिका पदको कर्मचारीको हकमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट राजिनामा स्वीकृत हुनेछ।"

१५. **<u>मूल ऐनको दफा १२४ मा संशोधन:</u>** मूल ऐनको दफा १२४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) स्थानीय तहले सेवा प्रवाहमा विशेष योगदान दिने कर्मचारीलाई प्रत्येक वर्ष स्थानीय सेवा दिवसको दिन तोकिएबमोजिम स्थानीय सेवा पुरस्कार प्रदान गर्न सक्नेछ।

प्रमाणीकरण भएको मिति: २०८२/०४/०६

आज्ञाले,
सुनिता के.सी.
प्रदेश सरकारको निमित्त सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित